# Nepal Coronavirus CivActs Campaign

अंक #१३
३।१।२०७७

भ्रामक समाचार, हल्ला र अफवाहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



काठमाण्डौबाट हिडेरै बर्दियाको राजापुर पुगेका १७ मजदुर




## कोरोना विरुद्ध लड्न सरकारले तय गरेको 6T रणनीति

### Travel Restriction

- बाहिरी मुलुकबाट नेपाल भित्रिने सबै मार्गहरु बन्द गर्ने ।
- देश भित्र लकडाउन गर्ने ।

### Testing

- स्थानीय तह, प्रदेश सरकार र संधिय सरकारले व्यवस्था गरेका क्वारेन्टाईनमा रहेका सबै व्यक्तिहरुको नमुना परिक्षण गर्ने ।
- परिक्षणको दायरा फराकिलो बनाउने ।

### Tracing

- संक्रमित व्यक्तिका परिवारका सदस्य र संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरुको पहिचान गरी परिक्षणको दायरामा ल्याउने ।

### Tracking

- सम्भावित संक्रमित र संक्रमित व्यक्तिको एक ठाउँबाट अर्को ठाउँमा आवतजावत भएमा सो कुराको यकिन गरी उनिहरुलाई आईसोलेशनमा राख्न अनुगमन गर्ने ।

### Treatment

- कोरोना उपचारका लागि काठमाण्डौ र बाहिरका अस्पताललाई विशेष अस्पताल तोक्ने ।
- कोरोना संक्रमितको सम्पुर्ण उपचार खर्च सरकारले व्यहोर्ने ।

### Together

- सरकारी तवरमा बिभिन्न समिति बनाई परिचालन गर्ने
- स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, अत्यावस्यकिय दैनिक उपभोग्य सामानहरु व्यवस्था गर्ने, सरकारी तथा गैह्र सरकारी संस्था तथा सञ्चार माध्यम लगायत सम्पुर्ण शक्ति मिलेर कोरोना विरुद्धको लडाई लड्ने ।

# हल्ला - तथ्य



हरेक सांसदले पाउने ६ करोड रकम अब कोरोना रोकथाममा खर्च गर्नुपर्ने रे नि त ।

स्थानीय तहको बिनियोजित बजेट रकमान्तर गरी कोरोना रोकथाम तथा उपचारमा खर्च गरिरहेको अवस्थामा, प्रतिनिधिसभामा निर्वाचित सांसदले वार्षिक रुपमा प्राप्त गर्दै आएको स्थानीय पुवाधार विकास साझेदारी कार्यक्रमको रकम कोरोना रोकथामका लागि अस्पताल निर्माण गर्नुपर्ने भनेर आवाज उठिरहेको थियो । यसैबिच कार्यव्यवस्था परामर्श समितिको बैठकले चालु आर्थिक वर्षको खर्च हुन बाँकी रकम कोरोना कोषमा राख्ने सहमती जुटाएको छ ।



र्‍यापिड किटबाट पोजिटिभ रिजल्ट आएको बिरामी पिसिआर प्रविधिबाट जाँच्दा नेगेटिभ आउछ । र्‍यापिड किट गुणस्तरीय छैन भन्छन नि ?

पिसिआर प्रविधिबाट जिनको परिक्षण गारिन्छ भने, र्‍यापिड किटबाट एन्टिबडी परिक्षण गारिन्छ । सुरुमा संक्रमण हुँदा भाईरसमात्र भेटिन्छ र ५ देखी ७ दिन बितिसके पछी IGM भन्ने एन्टिबडी भेटिन्छ भने २ हप्ता बितिसके पछि IGG भन्ने एन्टिबडी भेटिन्छ । १ महिना पछि भाईरस र IGM नेगेटिभ हुनसक्छ तर IGG धेरै लामो समयसम्म रहिरहनसक्छ । सुरुका दिनमा पिसिआर मात्र पोजेटिभ आउछ र एन्टिबडी नेगेटिभ आउछ भने, हप्ता दश दिन पछि पिसिआर र एन्टिबडी पनि पोजेटिभ हुनसक्छ । त्यस्तै तिन चार हप्ता बितिसकेपछि पिसिआर नेगेटिभ र एन्टिबडी पोजेटिभ देखिन सक्छ ।
धेरै विज्ञता नचाहिने, थोरै तालिम दिए पुग्ने, फिल्डमै गएर परिक्षण गर्न सकिने, १५ मिनेटमै नतिजा पाईने र बढी भन्दा बढी सम्भावितको पहिचान गर्न सकिने भएकोले र्‍यापिड डाईग्नोष्टिक टेस्ट किट अहिलेको आवश्यकता हो । तर भरपर्दो प्रविधि भने पिसिआर नै हो ।



यो अवस्थामा औषधीको मौजदात सकिदैछ भन्ने सुनिन्छ । यसले भोलिको दिनमा बिकराल अवस्था सृजना गर्ने त हैन ?

चैत्र २४ गते देखी लागु हुने गरी २४ वटा औषधीजन्य कच्चा पदार्थको निर्यातमा लगाएको प्रतिबन्ध भारत सरकारले फुकुवा हटाएकोले औषधीको निर्यात दर घटे पनि कच्चा पदार्थको अभाव हटेकोले प्रयाप्त मात्रामा औषधीको तर्जुमा सरकारले गरेको छ ।



लकडाउनका कारण किशानले दाना नपाएर कुखुराहरु जिउदै खाल्डो खनेर पुर्दैछन रे । त्यस्ता व्यवसायिक किशानलाई कुनै राहतको व्यवस्था छैन ?

व्यवसायिक किशानहरुलाई राहत उपलब्ध गराउन कृषि मन्त्रालयले ७० करोड बराबरको राहतको लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गरेको छ । जस अनुसार पोल्ट्री व्यवसायमा ५ हजार भन्दा थोरै कुखुरा पाल्ने किशानलाई प्रतिगोटाको दरले र त्यो भन्दा माथि कुखुरा पाल्ने किशानलाई ऋणमा ५ प्रतिशत सहुलियत दिने भनेको छ । त्यसै गरेर बिक्री नभएको दुधमा पनि प्रति लिटर १० रुपैयाँ राहत दिने भनेको छ ।

## सूचनाका स्रोतहरु

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोभिड-१९ को अवस्थाअ

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपबाली | २३,११,०८८ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| ५,३६९ संक्रमित | १,३५५ संक्रमित | १,५२८ संक्रमित | ३,४२८ संक्रमित | ४,५२१ संक्रमित | ८१३ संक्रमित | ४,९८७ संक्रमित | १०,५९१ संक्रमित |
| ४ नेपाली संक्रमित | ५ नेपाली संक्रमित | २२ नेपाली संक्रमित | २ नेपाली संक्रमित | १० नेपाली संक्रमित | | १ नेपाली संक्रमित | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

ShramikSanjal

## युएई सरकारले विदेशी कामदारलाई अहिलेको अवस्थामा दिएका सुविधाहरु

सामान्यतया युएईको कानून अनुसार यदी कुनै विदेशी कामदारको भिषाको म्याद सकियो भने, म्याद सकीएको पहिलो दिन १०० दिरहाम र बाँकी दिनको दैनिक २५ दिरहामको हिसाबले जरीवाना तिर्नुपर्दछ । यदी भिजिट भिषामा भएको ब्याक्तिको भिषाको म्याद सकियो भने दैनिक १०० दिरहामको हिसाबले जरिवाना तिर्नुपर्दछ ।





अहिले भने युएईमा भिजिट भिषामा रहेका वा वर्किङ भिषा भएका र भिषा सकिएर बसेका श्रमिकहरुका लागि युएई सरकारले डिसेम्बर २०२० सम्म जरिवाना नलाग्ने सुविधा दिएको छ । युएई सरकारले ब्यापारिक कम्पनीहरुलाई सहज होस भनेर कर्मचारीलाई बेतलबी बिदा वा वार्षिक बिदा लिएर छुीमा बस्नु भन्न पाउने सुबिधा दिएको छ । यस्तो अवस्थामा कोही कर्मचारी छुी लिएर यो समय घरमा बसेर आउन चहान्छ भने उसलाई स्वदेश लैजाने व्यवस्था गर्नु सम्बन्धीत देशको कर्तब्य हो ।

यदी अहिले सम्बन्धीत देशले आफ्ना नागरिक स्वदेश लैजाले व्यवस्था गरेनन् भने, अवस्था सामान्य भएपछी सम्बन्धीत देशको लागी दिईने कामदार कोटामा फेरबदल गर्न सक्ने संकेत युएई सरकारले दिएको छ ।

सही
सूचना

# के नेपाल सरकारले कोभिड - १९ को परिक्षण अझै तिव्र गतिमा गर्न सक्ला ?




माथिको ग्राफले दक्षिण एशियाली राष्ट्मा प्रती दश लाख जनसंख्यामा गरिएको परिक्षण र कोभिड - १९ बाट संक्रमितको संख्याको तुलनात्मक सम्बन्ध देखाउछ । यस तथ्यांकले नेपालले परिक्षणको गति अझै बढाउनुपर्ने देखाउछ । भुटानलाई छोड्नेहो भने अरुदेशको तुलनामा नेपालमा कोभिड - १९ बाट संक्रमितको संख्या थोरै छ ।

## सुदुरपश्चिम कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोष

**४० करोड २७ लाख** भन्दा बढी

२ करोड
९९ लाख



८८
स्थानीय तह

१६ करोड




राहत वितरण
प्रति व्यक्ति ३ हजार

३० लाख



बिमा
१५ लाख : स्वास्थ्यकर्मी
१५ लाख : संचारकर्मी

४५ लाख



९
जिल्ला प्रशासन
कार्यालय

४५ लाख



तिनओटै सुरक्षा
निकायलाई
१५ लाखका दरले



२० ओटा
भेन्टिलेटर खरिद
रकम: ???

लगभग
२० करोड
???

# काठमाण्डौबाट हिडेरै बर्दियाको राजापुर पुगेका १७ मजदुरको कथा

सात दिन भनेर सुरु भएको लकडाउन थपिदै १२/१३ दिन भईसकेको थियो । लकडाउन थपिदै गए पछि कामको खोजीमा बर्दियाबाट काठमाण्डौ पुगेका मजदुरहरु अब के गर्ने भन्ने अन्यौलमा थिए । काठमाण्डौमा ढुंगा बालुवा बोक्ने, घर बनाउने, बिघुतको वायरिङ गर्ने जस्ता काम गरेर दैनिक ६/७ सय कमाउने युवाहरु खाने कुरा र पैसा सकिदै गए पछि  उकुशमुकश अवस्थामा थिए ।

राहातका लागि प्रयास गरे तर, पाएनन् । अन्य विकल्प नभए पछि काठमाण्डौ देखि बर्दियाको राजापुरसम्मको करिब ५ सय ७५ किलोमिटरको यात्रा तय गरे ।

## पहिलो दिन

काठमाण्डौबाट हिडेर राती करिब १२ बजे तिर नागढुंगा नजिकै पुगे र प्रतिक्षालयमा चाउचाउ र पानी खाएर रात बिताए ।





## दोस्रो दिन

नागढुंगाबाट मनकामना केबुल कार नजिकै पुगे । त्यहाँ पनि चाउचाउ र पानी खाएर खुल्ला आकाश मुनि रात बिताए ।

## तेस्रो दिन

मनकामना केबुल कार नजिकको स्थानबाट २०/२५ किलोमिटर ट्रक चडेर अलि अगाडिसम्म पुगे र त्यहाबाट दिनभर हिडेर साझ पख नारायणघाट पुगे । त्यहाँ एउटा होटेल खुल्ला थियो । काठमाण्डौबाट  पैदल हिड्दै बर्दिया जान लागेको र हिड्दा थकाइ लागेको बताए । होटेलमा रहेका युवाहरुले उनीहरुलाई खाना दिए तर, पैसा भने लिएनन् । ति युवाहरुलेनै एउटा ट्रकमा चढाई बुटबलसम्म पुग्ने व्यवस्था मिलाईदिए । युवाहरुलाई धन्यबाद भन्दै  उनीहरु अगाडि बढे ।



## चौथो दिन

ट्रकले बुटबल नजिकैको जंगलसम्म पुर्याईदियो । त्यहि जंगलको खुल्ला आकाशमा रात बिताए ।

## पाँचौ दिन

बिहानै हिडेर १५/२० किलोमिटर अगाडि पुगेपछी फेरी ट्रक चडेर दाङको भालुवाङ नजिकैको राप्ती पुलको किनारासम्म पुगे । त्यहाँबाट ८/१० किलोमिटर हिडेर फेरी ट्रकमा  लमही पुगेर रात बिताए ।



## छैठौ दिन

लमहीमा रहेका ट्राफिक प्रहरीलाई आफ्नो समस्या सुनाए । ट्राफिक प्रहरीले ट्रकमा चढाई कोहलपुर पुग्ने व्यवस्था मिलाईदिए ।  कोहलपुरबाट हिड्दै  नेपालगञ्ज जादै गर्दा स्थानीय समाजसेवी बिष्णु खनाल सहितको टोलीले चाउचाउ र पानी खुवाएर आफ्नै गाडीमा राखी नेपालगञ्जसम्म पुर्याईदिए ।

नेपालगञ्जमा शिख समुदायले आफ्नो गुरुद्वारामा लगेर पेटभर तात्तो दाल भात खुवाए । नेपालगञ्जबाट राजापुर नगरपालिकाको ट्रक चडेर ज्वरो चेकजाँच गराउदै उनीहरु राती १० बजे राजापुर पुगे ।

राजापुरमा पुगेपछी उनीहरुको नाम ठेगाना लेखी ज्वरो नापियो । स्वास्थ्कर्मिले उनिहरुलाई घरमा छुै बस्ने, गाउँमा हिड्डुल नगर्ने र ज्वरो आउनासाथ सम्पर्क गर्ने प्रतिबद्धता गराएर रातीको १२ बजे घर जाने अनुमती दिए ।



## सातौं दिन

राजापुरबाट राती १२ बजे हिड्दै उनीहरु  १ बजेतिर आ-आफ्नो घर पुगे ।

कृष्ण अधिकारी । सञ्चारकर्मी, नेपालगञ्ज

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्टा क्टर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको
जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाण्डौमा, भरतपुर, धुलिखेल, भैरहवा र अन्य सबै प्रादेशिक अस्पतालमा गरिन्छ । संकासपद बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219